आज मिति २०८१/०९/०१ गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेल ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको ४९ औं बैठक बसी तपसिल बमोजिमका प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| क्रं स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री दिर्घ बहादुर बुढाथोकी | का.बा. अध्यक्ष वडा नं. २ | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | यम |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | श्री दान बहादुर ऐंडी | प्रमुख प्रशासकीय अधिकृत | |
| आमन्त्रित तथा सहयोगी कर्मचारीहरु | | | |
| १९ | श्री गोरख ब. लामिछाने | लो. अ. | |
| २० | श्री बालानन्द पौडेल | अ. हेरा | |

श्री पदेन्द्र पुन मगर । इन्जिनियर

श्री राम तिलक बाध्यो । कं.अं. —

२०८१ साल पौष महिनाको १ गते बसेको कार्यपलिकाको ४९ औं बैठकका निर्णयहरु

निर्णय नं १. यस चालु आवमा कार्यालयबाट आन्तरिक आय ठेक्का गर्नको लागि गाउकार्यापालिकाको बैठकबाट वातावरणीय परिक्षण प्रतिबेदन स्वीकृत भएका देहायका नदि/खोलाहरुको वातावरणीय परीक्षण प्रतिबेदनमा उल्लेख भएको स्थानहरुमा ढुंगा ,गिट्टी ,बालुवा लगायतका नदिजन्य पदार्थ उत्खनन् तथा संकलन र निकासी गर्नको लागि नियमानुसार ठेक्का लगाउने र राजश्व परामर्श समितिको सिफारिस अनुसार दुइ प्याकेज गरि ठेक्का लगाउने , पालिका भित्र रहेका क्रसर उधोगहरुको हालसम्मको मौज्ज्दातको विवरण लिई नविकरण सहित सूचिकृतको लागि सुचना प्रकाशन गर्ने निर्णय गरियो । साथै वडा नं १ मा रहेका ढोलियाखोला, भवानियापुर, चोरकट्टा खोला र अमुवाखोला वडा नं १ को हकमा अन्य निकाय संग समन्वय गरि नियमानुसारको राजश्व असुल गरि कार्य सम्पादन गर्न वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो|

माथि उल्लेखित नदीहरुको घाटको वातावरणीय परीक्षण प्रतिबेदनको काम सकिएको तर रकम भुक्तानी नलिएकोले इन्जिनियरको घर प्रा.लिको पौष मसान्तसम्म म्याद् थप गरि रकम भुक्तानी दिने ।

निर्णय नं २, यस गाउपालिकाको वडा नं ४ मा औधोगिकग्राम स्थापनाको लागि श्री जि.एस .इन्जिनियरिङ्ग प्रालि काठमाण्डौ संग वातावारणीय परीक्षण प्रतिबेदन तयारीको लागि खरिद सम्झौता भएकोमा सोकाम सम्पन्न प्रतिबेदन यो बैठकमा प्रस्तुति गरियो । प्रस्तुत भएको प्रतिबेदनमा कार्यपालिकाका पदाधिकारीबाट दिएको सुझाब समेत समेटी स्वीकृत गर्ने निर्णय गरियो । प्रालिको माग बमोजिम मङ्सिर १९ गते सम्म भएको खरिद सम्झौताको म्याद समाप्त भएकोमा २०८१ पौष मसान्त सम्म थप गरि भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ३ चालु आर्थिक बर्ष २०८१/०८२ को लागि नेपाल सरकारबाट प्राप्त भएको बिशेष अनुदान कार्यक्रमबाट बिपन्न्न वर्ग कार्यक्रम अन्तरगतको आवास निर्माणको लागि कार्यालयबाट बोलपत्र आह्वान गरि ठेक्का सम्झौता समेत भइ आवासहरु निर्माण हुदैछन । सो ठेक्काबाट करिब ७४ लाख ४५ हजार रकम बचत हुन आएको हुदा पुनः ठेक्का लगाई थप बिपन्न परिवारको लागि आवास निर्माण गर्दा बिपन्न परिवारका घरका नागरिकहरुको जीउ धनको सुरक्षा समेत/ हुने भएकोले बिपन्न आवास निर्माण गर्नको लागि खर्च गर्न पुर्व स्विकृतिको लागि नेपाल सरकार अर्थ मन्त्रालय ,रास्ट्रिय योजना आयोगमा अनुरोध गर्ने सर्वसहमतिले निर्णय गरियो|

निर्णय नं ४. बिविध विषयमा छलफल गर्दा देहायका बिषयहरुमा देहाय अनुसार हुने गरि सर्वासहमतिले निर्णय गरियो ।

क .घ बर्गको निर्माण व्यवसायीको लागि इजाजतपत्र दिनको लागि इजाजत प्रदान गर्ने समितिबाट सिफारिस भइ आएकोले  देहाय अनुसारको घ बर्गको इजाजतको प्रमाण पत्र दिने ।

| प्रोपोराइटराको नाम | कन्स्ट्रक्सनको नाम | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| श्री सुनिता पौडेल | हार्दिक कन्स्ट्रक्सन | रापिसोनारी-३ बांके | ९८४४८०११७० |

ख . Awale- A.D. J.v.बौद्ध ६ काठमाडौंको निवेदन माग अनुसार र यस गाउपलिकामा रकम भुक्तानी दिनको लागि बजेट नभएकोले सो जेबिको पछिल्लो रकम भुकानी हुने विलबाट कट्टी हुने गरि पुरानो जम्मा भएको धरौटि रकम भुक्तानी दिने र पालिकामा रकम मौज्जदात नभएकोले सो जेविको माग अनुसार  २०८१ माघ मसान्त सम्म म्याद थप गर्ने ।

ग. यस चालु आवको बार्षिक स्वीकृत कार्यक्रम अनुसार बिपन्न वर्ग कार्यक्रम –विशेष अनुदान (संघीय) शिर्षकमा बिनियोजन भएको २ करोड ८० लाख  मध्येबाट  वडा नं १ देखि वडा नं ९ सम्मको लागि बिपन्न्न बर्गको लागि आवास निर्माण कार्यको प्रराम्भिक चरणका निर्णयहरु देखि आयोजना सम्झौता हुदा सम्मका बिभिन्न कागजातहरुमा विपन्न्न वर्ग कार्यक्रम हुनु पर्नेमा सुरक्षित आवास॰ भन्ने शव्द भुलबस उल्लेख हुन गएकोले  सुरक्षित  आवास नभइ बिपन्न बर्ग कार्यक्रम भएकोले संघिय विशेष अनुदानमा उल्लेख भएको बिपन्न वर्ग कार्यक्रम अनुसार  निर्धारित बजेट अनुसार काम गर्ने गरि सच्याउन स्वीकृत दिने साथै आयोजनाहरुको ठेक्का प्रक्रिया गर्दा सुचनामा भ्याट र पियस आईटम include हुनु पर्नेमा exclude  हुन गएकोले सो भ्याट रकम रु ३२,२१,२३९।- र पियस रकम रु. ६७,६००। बराबरको रकम गाउपालिकाको स्रोतबाट व्यहोर्ने ।

घ. सिक्टा सिचाई आयोजाको पुलको उतर पट्टिको भागमा मोटरबोड डुंगा वा Rapting वा डुङ्गा  संचालन गर्ने प्रयोजनको लागि परामर्श सेवाबाट बातावरणीय  परिक्षण गर्ने ।

ङ.चालु आवमा संघीय सशर्त अनुदान अन्तरगत सुरक्षित आवास कार्यक्रम अन्तरगत  कुल स्वीकृत  घर संख्या ४२७  को लागि लाभग्राहिले पाउने अनुदान प्रति परिवार  ७५ हजारका दरले नपुग हुने रकम रु २ करोड ५३ लाख ६५ हजार ५०० सहरी बिकास तथा भवन निर्माण बिभाग संघिय आयोजना कार्यान्वयन इकाई नेपालगंज बाके मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

च. गाउपालिका , वडा कार्यालय , प्रहरी चौकिहरुमा सिसि क्यामेरा जडानको लागि बोलपत्र आह्वान भइ मूल्यांकनको चरणमा रहेको छ । सो क्यामेरा जडानको लागि नपुग हुने बजेटको आगामी सभामा संशोधन हुने गरि स्रोत ब्यबस्थापन गर्ने र इन्टरनेट जडानको एकारुपकता कायम गर्न एकमात्र आपुर्तिकर्ताले सेवा दिने गरि इन्टरनेट लिज लाइनको लागि प्रतिस्पर्धाको माध्यमबाट खरिद गरि सेवा लिने ब्यवस्था कार्यालयले मिलाउने ।

छ. रापिसोनारी गाउपालिकाको वडा न न ५ स्कुल जाने बाटोमा BEE group संगको साझेदारीमा कल्भर्ट निर्माण गर्नु पर्ने भएकोले कुल लागत अनुमान ५१७५६०. मध्ये गाउपलिकाले २५०९५१, BEE group ले २४६३८० . र टोल बिकास संस्थाले २०२२९ . बराबरको रकम व्यहोर्ने गरि लागत साझेदारीमा लागत साझेदारी बजेट शिर्षक कल्भर्ट निर्माण गर्ने गरि सम्झौता गर्ने ।

ज. यस कार्यालयबाट तराई मधेश सम्वृद्धि कार्यक्रम अन्तरगत लक्ष्मी माविको छात्राबास भवन निर्माणका लागि स्थानीय तहको प्रतिबद्धतामा बिधालयले लागत साझेदारीमा रकम व्यहोर्ने पर्तिबद्ता गरेको रकम भुक्तानी गर्दा स्रोत अभावको कारणले लागत साझेदारी ब्योहोर्न नसक्ने र बिधालयको यस कार्यालयमा आव २०७९/०८० मा धरौटीबापत राखेको १ लाख ५० हजारबाट रकम भुक्तानी गरि दिन र बाकि रकम पालिकाबाट ब्यबस्थापनको लागि अनुरोध भइ आएकोले धरौटी राखेको रकमबाट १ लाख ५० हजार सम्बन्धित बोलापत्रदातालाई भुक्तानी दिने र बाकि रकम २ लाख बिस हजार २३९ लागत साझेदारी शीर्षकबाट भुक्तानी दिने ।

झ. अटो रिक्सा संचालन तथा ब्यबस्थापन कार्यविधिमा नवीकरण सम्बन्धि ब्यवस्थामा आर्थिक वर्ष र नवीकरणको जरीवाना उल्लेख नगरेकोले अटो रिक्साको नविकरण प्रत्येक आर्थिक बर्ष ( असार मसान्त ) कायम गर्ने । सो आर्थिक बर्षमा नवीकरण नगरेमा नविकरण बापत लाग्ने दस्तुरमा सोहि रकम बरावर जरीवान लागाई नविकरणको ब्यबस्था मिलाउने ।

ञ.रापिसोनारी गाउपालिकाको पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०७९ अन्तरगत बाख्रा पकेट कार्यक्रम संचालनको लागि पेश भएको मापदण्ड स्वीकृत गरि कार्यन्वयन गर्ने ।

ट. कृषि व्यवसायी संजाल जिल्ला समितिलाई यस गाउपालिकामा अन्तरक्रिया कार्यक्रम गर्नेको लागि आवश्यक पर्ने खाजा खर्चको रकम व्यहोर्ने । रोजगार शाखाबाट पेश भएको रोजगार रणनैतिक योजना अघिल्लो कार्यपालिकाको बैठकमा प्रस्तुत भएको हुदा सुझाब सहित स्वीकृत गर्ने र म्याद थपको लागि अनुरोध भएकोमा पौष १५ सम्म म्याद थप गरि भुक्तानी दिने ।

ठ. यस बैठकमा पेश भएको आर्थिक सहायता र राहतको रकम भुक्तानीको हकमा सम्बन्धित समितिले निर्णय गरि पालिकाको नियमानुसार उल्लेख भएको रकम हुने गरि भुक्तानी वा सोधभर्ना दिने ।

ड.जनताको तटबन्धनको (रास्ट्रिय गौरबका आयोजना) लागि  नदिजन्य पदार्थको माग भई आइरहेकोहुदा वडा नं २ को मुगुवाखोला सिक्टा नहर देखि उत्तर तर्फकोक्षेत्र बाट जिल्ला विपद व्यवस्थापन समिति र सम्बन्धित सामुदायिक बनको सहमति प्राप्त भएमा मात्र ढुंगा निकासीको लागि नियमानुसारको राजश्व लिई अनुमति दिने।

ढ. यो आर्थिक बर्षमा बिभिन्न पत्रपत्रिकामा कार्यालयको आदेश तथा सम्झौता नभई सुचना सम्प्रेषण गरि बिज्ञापन प्रकाशन गर्ने पत्रपत्रिकाहरुको लागि बढीमा १० हजार सम्म प्रमुख प्रशासकीय अधिकृतले भुक्तानी गर्न सक्ने अधिकार दिने ।

निर्णय नं-१ को निर्णयानुसार वडा नं-५ को [illegible]